# राष्ट्रिय दुग्ध विकास वोर्डवाट संचालन गरिने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१

## (पहिलो संशोधन,२०७३)

**प्रस्तावनाः**

राष्ट्रको कूल गार्हस्थ उत्पादनको एक तिहाई भन्दा वढि कृषि क्षेत्रवाट प्राप्त हुने र दुई तिहाई भन्दा वढि जनसंख्या रोजगारी तथा जिविकोपार्जनका लागि यस क्षेत्रमा निर्भर रहने भएकोले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपूर्ण भूमिका रहेको स्पष्ट छ । यसमा पनि पशुपालन व्यवसायले ग्रामिण अर्थतन्त्रमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । दुग्ध उत्पादन तथा प्रशोधन क्षेत्रले मात्र पशुपालनले पु-याउने योगदानको गार्हस्थ उत्पादनमा ६३ प्रतिशत हिस्सा ओगट्दछ जुन कूल गार्हस्थ उत्पादनको करिव ८ प्रतिशत हुन आउंदछ ।

देशमा खुलेका ठूला, मझौला तथा साना दुग्ध उद्योगहरुका लागि तीनका क्षमता अनुसार आवश्यक पर्ने कच्चा दूधको कमि, दूध तथा दुग्ध पदार्थको सेवन गर्ने वानीमा आएको सकारात्मक परिवर्तन, युवा तथा शिक्षित वर्ग एवं वैदेशिक रोजगारवाट फर्केका जनशक्ति व्यावसायिक कृषितर्फ आर्कषित हुँदै आएको कारणहरुले गर्दा नेपालमा पशुपालन/दुग्ध व्यवसायलाई अझ वढि व्यवस्थित गरि दूध तथा दुग्ध पदार्थमा आत्मनिर्भर वनाउनका लागि राष्ट्रिय दुग्ध विकास वोर्डले विभिन्न किसिमका दुग्ध उपकरणहरु जस्तै मिल्किङ्ग मेशिनको खरीदमा अनुदान, जेनेरेटरको खरीदमा अनुदान, साना तथा घरेलु दुग्ध उद्योगहरुको क्षमता विस्तार कार्यक्रम र उच्च प्रविधिको प्रयोग मार्फत विकास गरिएको बाच्छी मात्र उत्पादन हुने (Sexed Semen) वीर्यको प्रयोग कार्यक्रम अधि सारेको र सो कार्यक्रम संचालनका लागि "राष्ट्रिय दुग्ध विकास वोर्डवाट संचालन गरिने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१",(पहिलो संशोधन, २०७३) जारी गरिएकोछ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**

१. यो कार्यविधिको नाम **"राष्ट्रिय दुग्ध विकास वोर्डवाट संचालन गरिने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१(पहिलो संशोधन, २०७३"** रहेको छ ।

२. यो कार्यविधि नेपाल सरकार, कृषि विकास मन्त्रालयबाट स्वीकृत भएको मितिवाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

१. "कार्यविधि" भन्नाले "राष्ट्रिय दुग्ध विकास वोर्डवाट संचालन गरिने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१ (पहिलो संशोधन २०७३)" सम्झनु पर्दछ ।

२. “कार्यक्रम” भन्नाले “राष्ट्रिय दुग्ध विकास वोर्डवाट संचालन गरिने कार्यक्रम” सम्भनु पर्दछ ।

३. “सहकारी संघ/संस्था” भन्नाले दुग्ध व्यवसायको लागि सरकारी निकायमा विधिवत रुपमा दर्ता भएको दुग्ध उत्पादक सहकारी संघ/संस्था भन्ने सम्भनु पर्दछ ।

४. “पशु फार्म” भन्नाले सरकारी निकायमा पशुपालन व्यवसायको लागि विधिवत रुपमा दर्ता भएको व्यावसायिक पशु फार्म सम्भनु पर्दछ ।

५. “दुग्ध उद्योग” भन्नाले व्यक्तिगत रुपमा दूध तथा दुग्ध पदार्थ उत्पादन गर्नका लागि सरकारी निकायमा विधिवत रुपमा दर्ता भएको दुग्ध उद्योग सम्भनु पर्दछ ।

६. “प्रस्ताव” भन्नाले सम्वधित दुग्ध उत्पादक सहकारी संघ/संस्था/व्यावसायिक पशु फार्म/निजी दुग्ध उद्योगहरुले पेश गरेको स्कीमलाई सम्भनु पर्दछ ।

७. “अनुगमन” भन्नाले अनुदान प्राप्त दुग्ध उत्पादक सहकारी संघ/संस्था/व्यावसायिक पशु फार्म/निजी दुग्ध उद्योगहरुको स्थलगत अनुगमन भन्ने सम्भनु पर्दछ ।

८. “निकाय” भन्नाले सरकारी कार्यालयमा विधिवत रुपमा दर्ता भएका दुग्ध उत्पादक सहकारी संघ/संस्था/व्यावसायिक पशु फार्म/निजी दुग्ध उद्योग भन्ने सम्भनु पर्दछ ।

९. “मिल्किङ्ग मेशिन” भन्नाले दुधालु पशुहरुको थुनवाट स्वचालित रुपमा दूध दुहुन प्रयोग गरिने मेशिन/यन्त्र भन्ने सम्भनु पर्दछ ।

१०. “जेनेरेटर” भन्नाले ईन्धन जस्तै डिजेल, पेट्रोल ईत्यादिको सहयोगले विद्युत आपूर्ति गर्ने मेशिन भन्ने सम्भनु पर्दछ ।

११. “पशु” भन्नाले उग्राउने जातका दूध दिने गाई वा भैंसी भन्ने सम्भनु पर्दछ ।

१२. “जर्सी तथा होलिष्टिन फ्रिजियन” भन्नाले विकसित जातका धेरै दूध दिने गाईको जात सम्भनु पर्दछ ।

१३. "**बाच्छी मात्र उत्पादन हुने** Sexed semen" भन्नाले उच्च प्रविधि मार्फत छुट्याइएको साढेको X- chromosom भएको वीर्य सम्भनु पर्दछ ।

१४. “कृत्रिम गर्भाधान (कृ.ग.)” भन्नाले संकलन गरिएको भालेको वीर्य पशुले साढे खोजेको वेला विशेष प्रविधि मार्फत गर्भाधान गराउने किया भन्ने सम्भनु पर्दछ ।

## ३. उद्देश्यहरुः

यस कार्यविधिका उद्देश्यहरु देहाय वमोजिम रहेका छनः-

१. व्यावसायिक पशुपालक कृषक, फार्म, दुग्ध उत्पादक सहकारी संघ/संस्था, दुग्ध उद्योगहरुको क्षमता विकासका लागि भौतिक तथा आर्थिक रुपमा पुरक अनुदान दिने ।

२. स्वच्छ दूध उत्पादन, प्रशोधन तथा विकिका लागि आवश्यक पर्ने विभिन्न असल व्यवस्थापन विधिहरु अवलम्वन गराउन प्रेरित गर्दै दूध उत्पादन पेशालाई समय सापेक्ष सुहाउँदो र मर्यादित गर्ने ।

३. दुग्ध व्यवसायी कृषक/पशुपालक कृषकहरुको आय आर्जनमा सेवा, टेवा पु-रयाई कृषक परिवारको जीवनस्तरमा सुधार ल्याउने ।

४. दुग्ध उत्पादन/पशुपालन क्षेत्रमा व्यवसाय संचालनको लागि आवश्यक पर्ने प्रविधि तथा प्रतिस्पर्धी अनुदान प्रदान गर्ने ।

५. व्यावसायिक गाईभैंसीपालक कृषक/फार्महरुमा यान्त्रीकरणको प्रयोगवाट स्वच्छ तथा सफा दूध कम लागतमा उत्पादन गर्न मद्दत पुर्‍याउने ।

६. व्यावसायिक पशुपालनमा "असल व्यवस्थापन अभ्यास" (Good Managemant Practice) लाई प्रोत्साहन दिंदै जैविक सुरक्षा (Bio-security) को प्रविधिलाई अवलम्वन गर्ने आवश्यक वातावरण सिर्जना गर्ने ।

## परिच्छेद-४
## जेनेरेटर खरीदमा अनुदान सहयोग

### १४. प्रस्ताव आह्वानः

दुग्ध उत्पादक सहकारी संघ/संस्था/व्यावसायिक पशु फार्म/निजी दुग्ध उद्योगहरुलाई जेनेरेटरको खरीदमा अनुदान दिने प्रस्ताव राष्ट्रिय दैनिक पत्रिकामा आह्वान गरिने छ ।

प्रस्ताव आह्वानको सूचना अनुसूची-१ वमोजिम, निवेदनको ढांचा अनुसूची-२ वमोजिम, सिफारिश पत्रको ढांचा अनुसूची-३ वमोजिम र प्रस्तावको ढांचा अनुसूची-४(ग) बमोजिम हुनेछ ।

### १५. मूल्यांकन उप-समिति

दफा ९ वमोजिम राष्ट्रिय दुग्ध विकास बोर्डको कार्यकारी समितिद्धारा गठित मूल्यांकन उप-समितिले मिल्किङ्ग मेसिनको साथ साथै जेनेरेटर खरीदमा अनुदानको लागि पनि कार्यविधि तयार गर्न, संसोधन गर्न, प्रस्ताव आह्वान तथा प्राप्त हुन आएका प्रस्तावहरु मुल्यांकन गरि स्वीकृतिका लागि राष्ट्रिय दुग्ध विकास वोर्ड समक्ष सिफारिस गर्नेछ ।

### १६ प्रस्ताव मूल्याँकनः

प्रस्ताव आह्वान बमोजिम समय सिमा भित्र प्राप्त हुन आएका प्रस्तावहरुलाई राष्ट्रिय दुग्ध विकास बोर्डको कार्यकारी समितद्धारा गठित मूल्यांकन उप-समितिले अनुसूची–५(ग) वमोजिमको ढांचामा मूल्यांकन गरी प्रतिस्पर्धाको आधारमा छनौट गर्नेछ । प्रस्ताव छनौटको कममा प्रस्तावकहरुको समान अंक भएमा पहिले दर्ता भएको प्रस्तावलाई प्राथमिकता दिईने छ ।

प्रस्ताव मूल्यांकनका आधारहरु देहाय अनुसार हुने छन् ।

(क) प्रस्तावको साथमा संलग्न गर्नु पर्ने कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ, माग बमोजिमका कागजातहरु अपुग भएमा प्रस्ताव स्वत रद्ध हुनेछ ।

(ख) क्षेत्रगत जिल्लाको संख्याको आधारमा समानुपातिक हिसाबले प्रत्येक क्षेत्रलाई लक्ष्य बिभाजन गरी सोही अनुसार अनुदान बितरण गरिनेछ ।

(ग) मूल्यांकन उप-समितद्धारा छनौट गरिएका प्रस्तावहरुलाई अनुसूची-६ वमोजिम सम्झौता गरि अनुदान रकम उपलव्ध गराईनेछ ।

(घ) अनुदान प्राप्त गरेका निकायहरुले चौमासिक रुपमा प्रगति विवरण राष्ट्रिय दुग्ध विकास वोर्डमा पेश गर्नु पर्नेछ ।

**१७. उपलव्ध गराईने अनुदान रकमः**

१५ के.भी क्षमताको जेनेरेटरको खरीदमा प्रति गोटामा परल मूल्यको ५० प्रतिशत वा वढिमा रु १,५०,०००/— (अक्षरुपी एक लाख पचास हजार मात्र) र १० के.भी क्षमताको जेनेरेटरको खरीदमा प्रति गोटामा परल मूल्यको ५० प्रतिशत वा वढिमा रु १,००,०००/— (अक्षरुपी एक लाख मात्र)अनुदान रकम उपलव्ध गराईनेछ ।

## परिच्छेद ६

## विविध

**२१. अनुगमन**

अनुदान प्राप्त निकायहरुको अनुगमन कृषि विकास मंत्रालय, राष्ट्रिय दुग्ध विकास बोर्ड र पशु सेवा विभागले गर्नेछ ।

**२२. भुक्तानी गर्ने विधि**

प्राप्त प्रस्तावहरुवाट अनुदानका लागि छनौट भएका दुग्ध उत्पादक सहकारी संघ/संस्था/व्यावसायिक फार्म/दुग्ध उद्योग/निजी फार्म/पशुपालनमा आवद्ध कृषकहरुलाई जानकारी गराई सकेपछि वोर्डले निर्धारण गरेको मापदण्ड अनुसारको मिल्किङ्ग मेशिन/जेनेरेटर/साना तथा घरेलु दुग्ध उद्योगहरुको क्षमता विस्तारका लागि आवश्यक सामाग्रीहरुको खरीदमा मात्र बोर्डले अनुसूची-६ वमोजिम सम्झौता गरि अनुदान रकम वैंकको खातामा जम्मा गर्नेछ ।

यसरी मिल्किङ्ग मेशिन/जेनेरेटर/साना तथा घरेलु दुग्ध उद्योगहरुको क्षमता विस्तारका लागि आवश्यक सामाग्रीहरुको कारोवार गर्दा VAT मा दर्ता भएकासंग मात्र कारोवार गर्नु पर्नेछ ।

**२३. कार्वाहीको व्यवस्था**

प्रस्ताव स्वीकृत भएका निकायहरुले प्रस्ताव र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन, नियम र कानून वमोजिम कारवाही गरी प्रदान गरिएको अनुदान रकम सरकारी रकम वांकी सरह असुल उपर गरिनेछ ।

**२४. प्रचलित कानुन लागु हुने**

अनुदानमा मिल्किङ्ग मेशिन/जेनेरेटर/साना तथा घरेलु दुग्ध उद्योगहरुले क्षमता विस्तारका लागि किनेको सामाग्रीहरुको कार्यक्रम कार्यान्वयनका सम्वन्धमा यस कार्यविधिमा उल्लेख भएकोमा सोहि वमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।

**२५ सम्झौताः**

छनौट भएका संस्थाहरुलाई कार्यक्रम संचालनका लागी अनुसूची-६ वमोजिम सम्झौता गरिनेछ ।

**२६. विवाद समाधान**

यस कार्यविधि अनुसार सम्पन्न गरीने कामको सिलसिलामा कुनै बिवाद वा भ्रम श्रृजना भएमा सो को निराकरण गर्ने जिम्मेवारी राष्ट्रिय दुग्ध विकास बोर्डको हुनेछ र राष्ट्रिय दुग्ध विकास बोर्डको निर्णय नै अन्तिम हुने छ ।

**२७. नामावली उल्लेख गर्ने**

दुग्ध उत्पादक सहकारी संघ/संस्था/व्यावसायिक फार्म/दुग्ध उद्योग/निजी फार्म/पशुपालनमा आवद्ध कृषकहरुले अनुदानमा प्राप्त मेशिनमा “नेपाल सरकार, कृषि विकास मंत्रालय, राष्ट्रिय दुग्ध विकास वोर्डवाट अनुदान प्राप्त ” भनी अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

**२८. कार्यविधि संसोधन/खारेजी**

राष्ट्रिय दुग्ध विकास वोर्डको सिफारिसमा आवश्यकता अनुसार यस कार्यविधिमा नेपाल सरकार, कृषि विकास मंत्रालयले आवश्यक संसोधन एवं खारेजी गर्न सक्नेछ ।

# अनुसूची-१

(दफा ४, ८ र १४ संग सम्वन्धित)

## प्रस्ताव आव्हानको सूचना

जेनेरेटरको खरीदमा अनुदानको लागि प्रस्ताव आव्हान सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः ......................

राष्ट्रिय दुग्ध विकास वोर्डको आ.व. २०.../... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार व्यवसायिक पशु फार्म/निजी फार्म/सहकारीहरुलाई मिल्किङ्ग मेशिनको र दुग्ध उत्पादक सहकारी संघ/संस्था/व्यवसायिक पशु फार्म/निजी फार्म/दुग्ध उद्योगहरुलाई जेनेरेटरको खरीदमा र साना तथा घरेलु दुग्ध उद्योगहरुको क्षमता विस्तारमा अनुदान रकम उपलव्ध गराउने सम्वन्धमा प्रस्ताव आव्हानका लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवेदनसाथ तपसिल अनुसारका कागजातहरु संलग्न गर्न समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

१. अनुसूची २ अनुसारको निवेदन ।
२. अनुसूची-३ अनुसारको सिफारिस पत्र ।
३. अनुसुची-४(ग) अनुसारको परियोजना प्रस्ताव ।
४. संस्था दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धी कर (VAT) दर्ता प्रमाणपत्र वा स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्र, अघिल्लो बर्षको लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
५. आवेदकले कुनै सरकारी वा गैर सरकारी निकायवाट विगत ३(तीन) आर्थिक वर्षमा रु ५०,०००/०० भन्दा माथिको कुनै पनि प्रकारको नगद/जिन्सी अनुदान प्राप्त नगरेको स्वघोषित/स्वप्रमाणित पत्र ।
६. नेपाली नागरिकता वा किसान परिचय पत्रको प्रमाणित प्रतिलिपि ।
७. वैदेशिक रोजगारवाट फर्केकाको हकमा भिसा सहितको पासपोर्टको प्रमाणित प्रतिलिपि ।
८. कार्यक्रम संचालन गर्ने प्रतिवद्धता ।
९. खरीद गर्न चाहेको जेनेरेटर सामाग्रीहरुको गुणस्तर तथा परिमाण सम्वन्धि ब्रोसर वा डकुमेन्ट ।
१०. भूकम्पवाट क्षति पुगेको संघ/ संस्था/दुग्ध उद्योग/ फार्महरुले जिल्ला दैवि प्रकोप उद्धार समितिवाट प्रमाणीत वा राष्ट्रिय पुनःनिर्माण प्राविधिकरणको जिल्ला स्थित ईकाईवाट क्षति पुगेको प्रमाण पेश गर्नु पर्नेछ ।

यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस वोर्डको कार्यालय हरिहरभवन, ललितपुरमा प्रस्ताव पेश गरि सक्नु पर्नेछ । जेनेरेटर सम्वन्धी कार्यविधि, अनुसूची एवं विस्तृत विवरण बोर्डको सूचना पाटी तथा website: www.nddb.gov.np मा हेर्न सक्नु हुनेछ ।

**थप जानकारीको लागि सम्पर्क ठेगाना**

राष्ट्रिय दुग्ध विकास वोर्ड, हरिहर भवन, ललितपुर ।

फोन नं. ०१–५५२५४००/५५४४७४७

## अनुसूची–२
(दफा ४, ८ र १४ संग सम्वन्धित)

## निवेदनको ढांचा

श्रीमान् कार्यकारी निर्देशकज्यू,
राष्ट्रिय दुग्ध विकास वोर्ड,
हरिहरभवन, ललितपुर ।

**विषय : अनुदानका लागि प्रस्ताव पेश गरिएको वारे ।**

राष्ट्रिय दुग्ध विकास बोर्डको मिति................को राष्ट्रिय दैनिक ............मा प्रकाशित सूचना अनुसार जिल्ला............ गा.बि.स/न.पा.............. वडा नं.................टोल/गाउँ.............मा संचालित ......................... दुग्ध उत्पादक सहकारी संघ/संस्था/व्यावसायिक फार्म/दुग्ध उद्योगले प्रकाशित सूचनामा उल्लेख भए अनुसारका कागजातहरु संलग्न गरि अनुदानमा मिल्किङ्ग मेसिन/जेनेरेटर/दुग्ध उद्योगको क्षमता विस्तारको लागी आवश्यक सामाग्री प्राप्त गर्नका लागि अनुदान प्रस्ताव तयार गरि आवश्यक कार्यवाहीको लागी यो निवेदन पेश गरेको छु/छौं ।

**निवेदक**

प्रस्तावक संस्थाको तर्फबाटः
प्रस्तावक फार्म/संस्थाको नामः
ठेगानाः
फार्म/संस्थाको अध्यक्षको नाम
दस्तखतः
मितिः
सर्म्पक नं.:
फार्म/संस्थाको छापः

## अनुसूची-३

(दफा ४, ८ र १४ संग सम्वन्धित)

## जिल्ला पशु सेवा कार्यालय/डिभिजन सहकारी कार्यालयको सिफारिस पत्रको ढाँचा

श्रीमान् कार्यकारी निर्देशकज्यू,
राष्ट्रिय दुग्ध विकास बोर्ड,
हरिहरभवन, ललितपुर

**विषय : सिफारीस गरिएको वारे ।**

राष्ट्रिय दुग्ध विकास बोर्डको मिति...................को राष्ट्रिय दैनिक..................मा प्रकाशित सूचना अनुसार जिल्ला...................गा.बि.स........................बजार/गाउँ.................मा सन्चालित................ दुग्ध उत्पादक सहकारी संघ/संस्था/व्यवसायिक फार्मले सिफारीस पाउँ भनी दिनु भएको निवेदन उपर कारवाही हुंदा, निम्न बमोजिम पाइएकोले सिफारिस साथ जानकारी गराईन्छ ।

**तपसिल**

१. फर्म /संघ/संस्था/श्रोतकेन्द्रमा रहेका जम्मा पशु संख्या..........................गोटा
२. दूध दिने पशु संख्या.................................................................गोटा
३. दैनिक दूध उत्पादन .................................................................लिटर
४. हरियो घाँस खेती (क्षेत्रफल)........................................................रोपनीमा
५. संस्था स्थापना मिति.................................................................साल
६. विमा गरिएका पशुहरुको संख्या.......................................................गोटा

कार्यालय प्रमुख

नाम

पद

दस्तखत

कार्यालयको छाप

## अनुसूची-४(ग)

(दफा १४ संग सम्वन्धित)

## परियोजना प्रस्तावको ढांचा

*(जेनेरेटर खरीदमा अनुदान सहयोग कार्यक्रमका लागि)*

१. संस्थाको परिचयः (नाम, ठेगाना, सर्म्पक नं.,)

२. संस्था दर्ता नं. र दर्ता भएको कार्यालय

३. भ्याट/पान दर्ता नं.

४. दैनिक दूध संकलन

५. दुग्ध पदार्थ उत्पादन गरेको भए, नाम

६. चिलिङ्ग भ्याट भए/नभएको (भए क्षमता उल्लेख गर्ने..)

७. लाभान्वित शेयर सदस्यको संख्या

८. बैदेशिक रोजगारवाट फर्केका जनशक्ति आवद्ध भए/नभएका (भए नाम र पासपोर्टको प्रतिलिपि)

९. संस्थामा रहेका विधुतीय दुग्ध उपकरणहरुको नाम

१०. पेश गरेको प्रस्तावको नाम

- उद्देश्य
- आवश्यकता

११. परियोजनाको संभाव्यता विस्तृत विवरण

- प्राविधिक पक्ष (हाल अपनाईरहेको प्रविधि, प्राविधिक कर्मचारी आदि)
- आर्थिक पक्ष (लगानीको श्रोत खुल्नु पर्ने)
- वातावरणीय पक्ष

१२. प्रस्तावित योजना कार्यान्वयन गर्ने स्थानमा विघमान भौतिक पूर्वाधारहरु

- सडक छ/छैन (छ भने कच्चि/पक्की के हो चौडाई सहित उल्लेख गर्ने)
- पानीको व्यवस्था (धारा/कुंवा/वोरिङ्ग/अन्य)
- नजिकको वजारको नाम र दुरी (मिटरमा उल्लेख गर्ने)
- कूल अनुमानित कार्यक्रम तथा वजेट
- प्रस्तावकले थप गर्ने वजेट

१३. योजना समाप्ती पश्चात हासिल हुने प्रमुख पांच उपलव्धीहरु

## अनुसूची-६
# सम्झौता पत्रको ढाँचा

राष्ट्रिय दुग्ध विकास बोर्डको आ.व. २०....../.... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मिल्किङ्ग मेशिन/जेनेरेटरको खरीदका/साना तथा घरेलु दुग्ध उद्योगको क्षमता विस्तारका लागि अनुदान दिन पेश भएका प्रस्ताव मध्ये मिति........................मा बसेको मूल्यांकन उप-समितीको बैठकबाट श्री.......................................(संस्थाको नाम) लाई अनुदान दिने निर्णय भएकोले राष्ट्रिय दुग्ध विकास बोर्ड (यसपछि प्रथम पक्ष भनिने) र ..........................................................(संस्थाको नाम, ठेगाना) (यसपछि दोश्रो पक्ष भनिने) बीच तपसिल अनुसार सेवा र शर्त अनुसार सम्झौता गरी बुझिलियौं/दियौं ।

१. दोस्रो पक्षको प्रस्तावना अनुसार....................................(संस्था रहेको ठाउँ र जिल्ला) मा स्थापित..........................(संस्थाको न................(प्रतिनिधिको नाम) लाई मिल्किङ्ग मेशिन/जेनेरेटरको खरीद/साना तथा घरेलु दुग्ध उद्योगको क्षमता विस्तार गर्न प्रथम पक्षबाट रु...............(अक्षरुपी..............) अनुदान स्वरुप उपलब्ध गराईनेछ भने वांकी रकम दोश्रो पक्ष आफैंले लगानी गर्नु पर्नेछ ।

२. प्रथम पक्षवाट अनुदानमा प्राप्त भएको मिल्किङ्ग मेशिन/जेनेरेटर/साना तथा घरेलु दुग्ध उद्योगको क्षमता विस्तारका प्राप्त मेशिनरी समाग्रीहरु जिल्ला ................गा.वि.स.......................वडा............टोलका...................... ......... ..संघ/संस्था/फार्म/दुग्ध उद्योगमा उपयोगमा ल्याइनेछ ।

३. प्रथम पक्षको परामर्श तथा सहमति अनुसार, दोश्रो पक्षले गुणस्तरीय सामानहरु खरीद गरी संस्था/फार्म/उद्योगले आम्दानी भएको दाखिला रिर्पोट प्रथम पक्ष समक्ष पेश गर्नु पर्नेछ ।

४. प्रथम पक्षले स्थलगत अध्ययन गरी, दोश्रो पक्षले मिल्किङ्ग मेशिन/जेनेरेटर/साना तथा घरेलु दुग्ध उद्योगको क्षमता विस्तारका लागि तोकिएको मापदण्ड अनुसारका मेशिनरी समाग्रीहरु खरीद गरेको मूल्य अभिवृद्धि सहितको विल पेश गरेपछि मात्र प्रथम पक्षले भुक्तानी दिने छ ।

५. प्रथम पक्षबाट अनुदान स्वरुप उपलब्ध रकमबाट खरीद सम्पूर्ण सरसामग्रीहरुको मर्मत संभार दोस्रो पक्षले गर्नु पर्ने छ ।

६. प्रथम पक्षको अनुदानमा खरीद मिल्किङ्ग मेशिन/जेनेरेटर वा साना तथा घरेलु दुग्ध उद्योगको क्षमता विस्तारको लागि प्राप्त रकमवाट खरीद गरिएका सामाग्रीहरु दोश्रो पक्षले तीन वर्षसम्म अन्य कुनै पनि कृषक/संघ/संस्था/फार्म/उद्योगमा स्थानान्तरण, वेचविखन वा हस्तान्तरण गर्न पाउने छैन ।

७. दोश्रो पक्षले सहकार्यमा संचालित कार्यक्रमको प्रगति विवरण लगायत अन्य तथ्यांकहरु प्रथम पक्षलाई चौमासिक रुपमा अनिवार्य उपलव्ध गराउनु पर्नेछ ।

८. दोश्रो पक्षले अनिवार्य रुपमा होर्डिङ्ग वोर्ड तथा मेशिनमा सहयोगको किसिम उल्लेख गरेर प्रथम पक्षको नाम राख्नु पर्नेछ ।

९. प्रथम पक्षका तर्फवाट कुनै पनि समयमा हुने कार्यक्रमको निरीक्षण/अनुगमन/तालिम/भ्रमणमा सहयोग गर्नु दोश्रो पक्षको दायित्व हुनेछ ।

१०. प्रथम पक्षबाट कुनै पनि वेला अनुगमन गर्दा सम्झौता अनुसारको काम भए/नभएको स्थलगत जानकारी लिई काम नभएको पाईएमा दोश्रो पक्षवाट दुरुपयोग भए वरावरको रकम सरकारी वांकी सरह असुल उपर गरिनेछ ।

११. दोश्रो पक्षले अनुदान प्राप्त गरेपछि सो को जानकारी सम्वन्धित जिल्लाको सिफारिश निकाय(पशु सेवा कार्यालय/डिभिजन सहकारी कार्यालय)मा अनिवार्य रुपले गराई सो को वोधार्थ यस वोर्डमा उपलव्ध गराउनु पर्नेछ ।

१२. प्रथम पक्षले अनुदान रकम ............जिल्ला स्थित......बैंकको खाता नं.......मा जम्मा गरि जिल्ला पशु सेवा कार्यालय/डिभिजन सहकारी कार्यालयलाई अनिवार्य रुपमा जानकारी गराई सम्वन्धित कृषक/संस्थालाई जानकारी गराउनु पर्नेछ ।

इति सम्वत् ..................साल ................... महिना ..........गते रोज .......... शुभम ।